# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।
**प्रथम पटक प्रकासित मिति : २०८१/०६/३०**

यस कार्यालयको आ.ब.२०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले उक्त कार्यको लागि इजाजत प्राप्त इच्छुक फर्महरुबाट निम्न सर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र फारम खरिद गरी रितपुर्बक पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासन गरिएको छ ।

**तपसिल :**

१. प्रथम पटक सूचना प्रकासित भएको मितिले १५औं दिन भित्र कार्यालय समयमा सम्बन्धित कारोबार गर्ने इजाजत प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मुल्यअभिबृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी र आ.ब.२०७९/०८० को करचुक्ता प्रमाण पत्र संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी नगदै रु.१०००।०० (एक हजार मात्र) राजश्व शाखामा बुझाई वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा रकम जम्मा गरेको बैंक भौचर पेश गरि दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. फर्मले सिलबन्दी दरभाउपत्र पेश गर्दा खाम बाहिर आफनो फर्मको नाम र कामको बिवरण स्पष्ट उल्लेख गरी सिलबन्दी गरी यस कार्यालयमा सूचना प्रकासित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको ०२:०० बजे यस कार्यालयका कर्मचारीहरु, फर्मको प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । उक्त समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्दी दररेट खोल्न बाधा पर्ने छैन । कारणवश सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।

३. धरौटी वापतको रकम लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दीको नाममा राष्ट्रिय वाणिज्य बैंक लि., लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००००२** मा नगदै वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ९० दिनको बैंक जमानत सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गर्नू पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइनेछ ।

५. एक पटक पेश भएको सिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

६. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

७. आफुले खरिद गरेको सिलबन्दी दरभाउपत्र सम्बन्धित फर्मले नै बुझाउनु पर्नेछ । रित नपुगेको वा म्याद नाघी प्राप्त सिलबन्दी दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

८. तपसिलमा उल्लेखित कार्यको लागि ईजाजतपत्र प्राप्त फर्महरुले मात्र दरभाउपत्र पेश गर्न सक्नेछन ।

९. माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वा प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल :**

| ठे.नं. | कामको विवरण | लागत अनुमान रु. (मु.अ.कर सहित ) | धरौटी रकम रू. | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| S.Q./Work/01-2081/082 | नगर कम्प्लेस भवनमा ट्रष्ट निर्माण तथा अन्य मर्मत सम्भार | रु.११,४१,१५०।९२ | रु.३०,०००।०० | रु.१,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत